बागमती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९

बामगती गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

भट्टेडाँडा, ललितपुर

विषय सूची

१.पृष्ठभूमि ........ १
१.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ २
२.अवस्था विश्लेषण ........ २
२.१. SWOT विश्लेषण ........ २
२.२. सरोकारवाला पहिचान ........ ६
२.३. लक्षित वर्ग पहिचान ........ ६
३. दीर्घकालिन सोच(Vision) ........ ७
४. ध्येय (Mission) ........ ७
५. लक्ष्य (Goal) ........ ७
६. उदेश्य (Objectives) ........ ७
७. लैङ्गिक तथा सामाजिक समावेशीक रणनीति (GESI Policy) ........ ७
८. लैससास रणनीति (GESI Strategy) ........ ८
८.१ मूलप्रवाहिकरण ........ ८
८.२ समावेशीकरण ........ ९
८.३ स्थानीयकरण ........ ९
८.४ सशक्तिकरण ........ ९
८.५ सचेतीकरण ........ ९
८.६ संस्थागत संरचना ........ ९
८.७ समन्वय ........ १०
८.८ सहकार्य ........ १०
८.९ सहजीकरण ........ १०
८.१० सामाजिक सुरक्षा ........ १०
८.११ अनुगमन मूल्याङ्कन ........ ११
९. रणनैतिक कृयाकलापहरुः ........ १२
१०. वित्त व्यवस्थापन ........ २०
११. कानूनी व्यवस्था ........ २०
१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व ........ २०
१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था ........ २१
१४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु ........ २१

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

१४.१ संभाव्य जोखीमहरु: ........ २१
१४.२ जोखीम न्यूनीकरणका उपायहरु: ........ २१
१५ निश्कर्ष: ........ २२

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

१.पृष्ठभूमि

हाम्रो संविधानको प्रस्तावनामा लैङ्गिक विभेद र प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानको भाग ३ मा उल्लेखित मौलिक हक अन्तर्गत धारा १८ मा समानताको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक अन्तर्गत समान वंशीय अधिकार, सुरक्षित मातृत्व र सम्वन्धी अधिकार, राज्यका सबै निकायमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। त्यसै गरी धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरीकको हक धारा ४२ मा सामाजिक न्याय को हकको व्यवस्था गरेको छ। नेपालको संविधान बमोजिम जारी गरीएका राष्ट्रिय लैङ्गिक समानता नीति २०७७, सामाजिक समावेशीकरण नीति २०७८ नमुना, लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति २०७५, बालबालिका सम्बन्धी ऐन २०७५, मुलुकी देवानी (संहिता) २०७४ र मुलुकी अपराध (संहिता) २०७४, लगायत राष्ट्रिय नीति तथा कानूनहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा निरोधात्मक तथा नियमनकारी प्रावधानहरूको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनमा नै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यवस्था गरेको छ। ऐनको दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद व्यस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकारमा लैससास सम्बन्धी व्यवस्था गरेको छ भने वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, बालविवाह, वहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरीएको छ। स्थानीय तहको योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिंदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण लाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्गदर्शन गर्न बागमती गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, ललितपुरबाट यो "**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९**" तयार गरिएको छ।

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

बागमती प्रदेशको ललितपुर जिल्लामा १ महानगरपालिका, २ नगरपालिका र ३ गाउँपालिका गरी जम्मा ६ वटा स्थानीय तह रहेका छन। जसमध्ये बागमती गाउँपालिका एक हो जसमा ७ वटा वडा कार्यालयहरु छन। यस गाउँपालिकाको क्षेत्रफल १११.४१ वर्ग कि.मी. रहेकोमा पूर्वमा महाङ्काल गाउँपालिका, पश्चिममा काठमाण्डौ जिल्ला, उत्तरमा गोदावरी नगरपालिका र कोन्ज्योसम गाउँपालिका र दक्षिणमा मकवानपुर जिल्ला रहेका छन् । केन्द्रीय तथ्याङ्क विभाग, २०७८ को जनगणना अनुसार जनसंख्या १११९६ रहेकोमा महिला ५५५९ र पुरुष ५६३७ रहेको छ । हिन्दु र बुद्ध धर्मको बहुल्यता रहेको यस गाउँपालिका भित्र विभिन्न जाताजतीहरुको बसोबास रहेको छ। २०७८ को जनगणना अनुसार भन्दा बढी बाह्मण (पहाडी) जाति, दोस्रोमा तामाङ र तेस्रोमा क्षेत्रीहरुको बसोबास रहेकोमा मगर, दमाइ, कामि, घले लगायत जातीहरु पनि छन्। यहाँ नेपाली भाषा पछाडी बोलिने अन्य भाषाहरुमा तामाङ र मगर नै हुन् । दशै, तिहार, कृष्ण जन्माष्टमी तीज, बुद्ध पुर्णिमा, लोसार यहाँका प्रमुख चाडपर्व हुन् । औषत पारिवारिक आम्दानीमा कृषि र गाइवस्तु पालन व्यवसायले भन्दा ठूलो हिस्सा ओगटेको छ । शिक्षा नै समाजको चेतना विकास गर्ने आधार भएकोले यस गाउँपालिका भरी आधारभुत एवम् मध्यामिक गरी कुल ५० वटा विद्यालयहरु सन्चालन भइरहेका छन् । स्वास्थ्य समस्याहरुलाई समाधान एवम् रोकथामका लागि प्रत्येक वडाहरुमा प्राथमिक स्वास्थ्य चौकीहरु रहेका छन्। भट्टेडाँडा प्राथमिक स्वास्थ्य चौकिमा चाहिं गाउँपलिका आफैंले स्वास्थ्य प्रयोगशाला सन्चालनमा ल्याइसकेको छ।

## २.अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्थाको विश्लेषण हो। हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ (SWOT, सरोकारवाला र लक्षितवर्ग) वटा क्षेत्र निर्धारण गरीएको छ। जसको विवरण निम्नानुसार प्रस्तुत गरीएको छ।

### २.१. SWOT विश्लेषण

बागमती गाउँपालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती(SWOT) विश्लेषण गरीएको छ। यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरीएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरीएको छ।

**क. बलियो पक्ष (Strength)**

१. कानून मस्यौदा गर्दा, पास गर्दा, योजना तर्जुमा प्रकृया र अनुगमन मूल्याङ्कनलाई लैससासको दृष्टिकोणवाट विश्लेषण गर्ने गरेको ।
२. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समावेश भएको।

३. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको ।
४. एकल पुरुष समाजिक सुरक्षा भत्ता व्यवस्था गरेको ।
५. वर्ग, जातिय, लिङ्गको आधारमा बजेट कार्यक्रममा समावेश गरेको ।
६. रोजगारी तथा शिक्षमा समान अवसर प्रदान गरी दलित तथा लोपउन्मुख जनजातीको लागि कार्यक्रम योजना समावेश गरेको ।
७. लैंगिक हिंसा निवारण कोषको स्थापना गरेको ।
८. गर्भवती सुत्केरी महिलालाई यातायात खर्च तथा एम्बुलेन्स निशुल्क कार्यक्रम ।
९. सम्पूर्ण वर्ग, लिङ्ग, जातिलाई समेटेर कार्यविधि तथा कार्यक्रम लागु गरेको।
१०. विद्यालय जाने उमेर समूहका वालबालिकालाई विद्यालय भर्ना गराउने प्रबन्ध मिलाइएको छ ।
११. महिला तथा लक्षित वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको।
१२. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३५% भन्दा वढी भएको।
१३. महिला तथा लक्षीत वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको।
१४. बेरोजगार तथा गरीबहरुको खण्डिकृत अभिलेख अद्यावधिक भएको।
१५. अपाङ्गता परिचय पत्र वितरण कार्यविधि तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको।
१६. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकासको श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरी कार्यान्वयन गरेको।
१७. प्रजनन स्वास्थ्य र आङखस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको ।
१८. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको।
१९. लैंगिक समानता, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा तथा समावेशीकरण सम्बन्धी नीति नीति तथा कार्यक्रमा समावेश गरीएको ।

**ख. कमजोर पक्ष**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको।
२. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेसी बजेट निर्माण एवम परीक्षणलाई बजेट व्यवस्थान नभएको,
३. वालविवाह कारण विद्यालय छाड्नु पर्ने जस्ता समस्यालाई पूर्ण रुपमा अन्त्य गर्न नसकिएको।

४. कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको।

५. लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा हुन नसकेको।

६. गाउँपालिका तथा सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको।

७. पहिचानमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक देखिन नचाहेकोलो सो को लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

८. महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको।

९. कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको।

१०. स्थानीय तहका सबै पदाधिकारीहरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका बारेमा अभिमुखीकरण नभएको।

११. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषयवस्तु आदि प्रकाशन नभएको।

ग. अवसर

१. विभिन्न जातजाती, समुदाय बिच सामाजिक र सांस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्न सकिने।

२. समानुपातिक प्रतिनिधित्व र आरक्षणको माध्यबाट सहभागिता र अवसरको सुनिश्चतता गर्नु ।

३. स्वास्थ्य, शिक्षा, रोजगारी तथा सशक्तिकरणको माध्यवाट गुणस्तरीय जीवनका साथै समग्र मानव विकास सहयोग गर्नु

४. विभिन्न गैह्र सरकारी संघ संस्थाहरु लैससासलाई कार्य क्षेत्रको रुपमा स्थानीय तहमा सहकार्य गर्नु।

५. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु। (जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका बारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने)।

६. एक घण्टाको पहुँच भित्र सबै नागरीकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु। (सबै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने)

७. किसान र कृषि प्रवर्द्धनको लागि किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा गर्नु।

८. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु।

९. अन्तराष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरुलाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुर्याउनु।

१० अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु,

## घ. चुनौतीहरु

१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून कार्यविधि कार्यान्वयन गर्न।

२. आवश्यक पर्ने कानून नीति नियम बनाउन सक्ने दक्ष जनशक्ति कमिले गर्दा समायमा नै कानून वनाउन नसक्नु।

३. भौगोलिक विकटताको कारण लक्षित कार्यक्रमहरु संचालनमा कठिनाई ।

४. सामाजिक सुरक्षा भत्ता वैङ्किक प्रणालीबाट संचालन भएतापनि  वडा वडामा बैंक शाखा पुग्न नसक्नु ।

५. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन।

६. जातको आधारमा हुने विभेदलाई पुर्णरुपमा निरुत्साहन गर्न कठिनाई रहेको ।

७. अपाङ्ग तथा शारिरीक असक्त भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता तथा परिचय पत्र सरल ढंगले वितरण गर्न नसक्नु ।

८. कृषि पेशामा युवाको आर्कषणलाई व्यवसायीक रुपमा परिणत गर्न प्रोत्साहन कार्यक्रम ल्याउन नसक्नु ।

९. ज्याला मजदुरी र कृषि पेशामा विशेष गरी समानकामको लागि समान ज्याला दिन नसक्नु ।

१०.गरीबि पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवि मापनको सूचक निर्माण गर्न ।

११.सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुनसक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न।

## २.२. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरीएको छ। जसमा सिधा संपर्क हुने। दोश्रो माद्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरीएको छ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकार वालाहरु ) | दोश्रो माद्यमवाट संपर्क हुने (दोश्रो नं का सरोकारवालाहरु ) | अप्रत्यक्ष संपर्क हुनेहरु (तेश्रो नं का सरोकार वालाहरु ) |
|---|---|---|
| महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सबै |
| शिक्षा शाखा | बैक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वाल क्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाई शाखा | आमा समूहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सबै वडा कार्यालयहरु | गैह्र सरकारी संस्थाहरु | मुस्लीम आयोग |
| गाउँ / नगरकार्यपालिका | स्वयम सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ / नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सबै | संचार माद्यमहरु | राष्ट्रियस्तरका संचार माद्यमहरु |

## २.३. लक्षित वर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरीएको छ।

| | | | | |
|---|---|---|---|---|
| महिला | एकल महिला | बालबालिका | विपन्नवर्ग | लैङ्गिक तथा यौनिक अल्पसंख्यक |
| जेष्ठ नागारिक | आदिवासी जनजाती | मुस्लीम | सुकुम्वासी | सडक बालबालिकाहरु |
| अल्पसंख्यक/लोपोन्मुख | कमैया | किसान | मधेसी | अपाङ्गता भएका व्यक्ति |
| मजदुर | द्वन्द्वपिडित | एकल पुरुष | | पिछडिएको क्षेत्र र समुदाय |

## ३. दीर्घकालिन सोच(Vision)

"बागमती गाउँपालिकाको आवाज लैङ्गिक समानता समावेशी न्यायपूर्ण समाज"

## ४. ध्येय (Mission)

लैंगिक, जातिय, धार्मिक तथा अन्य विविधताहरु विच एकता कायम गर्दै समन्वय, सहकार्य र सद्भाव कायम गराउने ।

## ५. लक्ष्य (Goal)

प्रकारको विभेदको अन्त्य गरी पछाडी पारिएका वर्ग क्षेत्र समूहलाई मुलप्रवाहमा ल्याई आत्मनिर्भर बनाउने ।

## ६. उदेश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीयतहले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी बनाउनु नै हो। यस रणनीतिका उदेश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासन पद्धती अवलम्वन गर्ने।
२. श्रोत साधनमा लक्षितवर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने।
३. लैससास सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूलप्रवाहीकरण गर्ने।
४. नीति कानूनमा नै महिला तथा लक्षितवर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने।
५. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउने।
६. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने।
७. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसँग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राखेर प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति (GESI Policy)

उल्लेखित उदेश्यहरु परिपूर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरीनेछ।

- वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरीबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन सँग सम्बन्धीत सबै क्षेत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने।

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

- हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने।
- महिला तथा बालबालिकासँग सम्बन्धीत अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिबद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने।
- पालिकाले निर्माण गरेका कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला,बालबालिका,यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठ नागरीक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने।
- लैससास बारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यविधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू को प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने।
- लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नगारिकहरुको सवाललाई प्रत्यक्षरुपमा संवोधन गर्दै लैजाने ।
- वार्षिक बजेट तर्जुमामा छुट्टै कोषस्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष सम विकासलाई बढावा दिने।
- लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने।
- बालबालिका तथा अपाङ्गता एवं जेष्ठ नागरीकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने।
- मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षितवर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने।
- निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका बारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने।
- सामाजिक कुरीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने।
- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सँग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरीनेछः

### ८.१ मूलप्रवाहिकरण

- महिला, गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, वजेट, पँहुच युक्त

अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।

- लैङ्गिक उत्तरदायी वजेट मार्फत क्षेत्रमा महिला सहभागिता अभिवृद्धि, कानूनी प्रबन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने।

८.२ समावेशीकरण

विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र सँग सम्वन्धीत कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने।

८.३ स्थानीयकरण

अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हाँसिल गर्ने।

८.४ सशक्तिकरण

- लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत वञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने बनाउने।
- स्वरोजगार रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक संशक्तिकरण गर्ने।
- कृषि, पशुपालन ,सहकारी ,घरेलु उद्योग तथा पर्यटन विकासको माध्यम वाट विपन्न तथा वञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने।

८.५ सचेतीकरण

- लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शनका प्रावधान कार्यप्रणाली र समावेशीताका बारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरी कार्यान्वयन तथा परिणाममा एक रुपता ल्याउने।
- समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने।

८.६ संस्थागत संरचना

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत

संरचनाहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने।

८.७ समन्वय

- विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउदै लैजाने।
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदार हरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने।

८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृ निकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु सँग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने।

८.९ सहजीकरण

- वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा वस्ती तथा समुदायस्तरमा नै सहजिकरण गर्ने संयन्त्र विकास गरी परिचालन नगर्ने।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी गैह्र सरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजिकरण गर्ने।

८.१० सामाजिक सुरक्षा

- नागरीक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ। विशेष गरी वालवालिका, जेष्ठनागरीक, अपाङ्गता भएका व्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविको पार्जनमा सहयोग गर्दै लैजाने।
- सामजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविको पार्जनमा सहयोग गर्दै लैजाने।

८.११ अनुगमन मूल्याङ्कन

- प्रत्येक चरणमा गरीने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणवाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री बनाउदैलै जाने।

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल

९. रणनैतिक कृयाकलापहरुः

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्टयाईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने। | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरीबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासनसँग सम्बन्धीत सबै क्षत्रको बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने | लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरी लैङ्गिक मूलप्रवाहीकरण गर्ने। | १. लैससासमैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पूँजिगत बजेट विनियोजन गर्ने।<br>२. योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षितबर्गको सहभागिता अनिवार्य गर्ने।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वनय योजना अध्यावधिक गर्ने।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने।<br>५. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने। | १. वार्षिक बजेटमा कम्तीमा ३५% पूँजिगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ।<br>२. लैससासमैत्री आवधिक योजना तयार भएको हुनेछ,<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षितवर्गको पूर्ण सहभागिता भएको हुनेछ। | १. वार्षिक नीति कार्यक्रमतथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिका का बैठकका निर्णयहरु<br>५. सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने। | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरी त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरबाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र सँग सम्बन्धीत सबै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्कन गर्दै लैजाने । | १. लक्षित वर्गको खण्डिकृत विवरण संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने<br>२. कानून तथा कार्यविधिमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको लागि उल्लेख भएका प्रावधानहरुका बारेमा सरोकारवाला पक्षलाई सुसूचित गर्ने<br>३. संघ संस्थामा प्रतिनिधित्व शाखाप्रमुखको जिम्मेवारी प्रदान अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई प्राथमिकतामा राखे<br>४. नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्गको निश्चित % सहभागिता सुनिश्चित गर्ने<br>५. महिला तथा लक्षित वर्गको शैक्षिक तथा रोजगारीमुलक आवश्यकता पुरा गर्ने कार्यक्रम बनाउने | १. लक्षित वर्गको वस्तुगत खण्डिकृत वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ।<br>२. कानून कार्यविधिका बारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरुलाई अभिमुखिकरण भएको हुनेछ ।<br>३. लक्षितवर्ग का लागि जीविकोपार्जन सशक्तिकरणका लागि निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ<br>५. लक्षित वर्गको लागि लोकसेवा तथा शिक्षा सेवा आयोग म्बन्धी पुर्व तयारी कक्षाहरु संचालन गर्ने | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिक<br>२. कानून कार्यविधि बारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति<br>३. उपभोक्ता समिति गठन र परिचालन कार्यविधि<br>४. कार्यपालिका तथा सभाका निर्णय हरु । |

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका सँग सम्बन्धीत अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्ष्यका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने। | १. दीगो विकास लक्ष्य स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरुलाई क्षमता विकास र परिचालन गर्ने<br>२. बेइजिङ सम्मेलनले गरेका १२ प्रतिवद्धता, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ तथा संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयन गर्ने<br>३. उल्लेखित सन्धी संझौता अभिसन्धी स्थानीयकरण गरी वार्षिक कार्यक्रममा समावेश र कार्यान्वनयका लागि आवश्यक कानून कार्यविधि बनाउने । | १. दीगो विकास लक्ष्य, महिला माथि हुने सबै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धीसम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भइ वार्षिक कार्यक्रममा समावेश भएको हुनेछ। | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरण को उपस्थिति तथा माइन्युट।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता | गाउँपालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका कार्यविधि | संघीय र प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु | १. कानून कार्यविधिहरु निर्माण गर्दा लैससास मैत्री भए नभएको विश्लेषण गर्ने । | १. कानूनले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुनिश्चित गर्ने | महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरीक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री बनाउदै लैजाने । | निर्माण गरी कार्यान्वयनमा जाने साथै गाउँपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण का दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | २. महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु बिच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>३. विगतमा बनेका कानून कार्यविधि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>४. कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने।<br>५. सबै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने। | २. नयाँ बन्ने कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण तथा बनिसकेका कानूनमा आवश्यक संसोधन भएको हुनेछ<br>१. महिला पुरुष सगै रैथाने र आप्रवासी कामदार हरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>२. कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन । | २. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका<br>३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन। |
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम लक्षित वर्गको समावेशीतालाई | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा | क. महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरी नीतिगत व्यवस्थाहरू, | १. संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिलालाई प्राथमिकता दिने ।<br>२. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ ।<br>२. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक | १. कार्यपालिकाका निर्णय पुस्तिका<br>२. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने । | सम्बोधन गर्दै लैजाने ।<br>२. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई बढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरी खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरी त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | संस्थागतप्रणाली तथा संरचनाहरु, योजना, बजेट, पँहुच युक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमासमान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरी विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा,बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री बनाउदै लैजाने । | जनप्रतिनिधि समावेश गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने<br>४. कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने<br>५. आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्ति करणका लागि बजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि बनाउने<br>६. महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७. लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८. उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा | कार्यदल गठन भएको हुनेछ ।<br>३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ<br>४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ।<br>६. लैससास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | प्रतिलिपि<br>३. महिला पुरुष समविकास कार्यनीति<br>४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५. ब्रसर रेडियो टिभि कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | यौनिक एवम लैङ्गिक अल्पसंख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | | |
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षितवर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर बनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापाना गरी महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु बारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने। | १. लक्षित वर्गको क्षमता अभिवृद्धि सँगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेश गरेर आत्मनिर्भर बनाउने। | २. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने।<br>३. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने।<br>४. पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति बनाउने ।<br>५. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने।<br>६. लैङ्गिक हिंसा निवारण कार्यविधि बनाउने ।<br>७. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानुनी व्यवस्थाको प्रचार प्रसार गर्ने । | १. वार्षिक बजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ। | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४. प्रत्यक्ष अवलोकन |
| ७ | अनौपचारिक मूल्य मान्यता कु संस्कार विरुद्ध जनचेतना | सामाजिक कु रीतिहरुका विरुद्ध सचेतनालाई सामाजिक विकासका हरेक | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता साथै कर्मचारी तथा जनप्रतिनिधिहरु लाई | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री | १. वार्षिक बजेट तथा नीति कार्यक्रम |

बागमती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भट्टेडाँडा, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भट्टेडाँडा, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अभिवृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशितामा आधारित समाज स्थापना गर्ने | कृयाकलापमा समावेश गरी छलफल गर्ने । | सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने। | पुरस्कार तथा दण्डको व्यवस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिलाहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. सबै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>६. सामाजिक कुरीति विरुद्ध भिडियोहरु बनाउने सडक नाटक प्रस्तुत गर्ने । | निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | २. श्रव्य दृष्य सामाग्रीहरु<br>३. सामाजिक संजाल मा गरीएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन (सेवा केन्द्र ) |
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई सँग सम्बन्धीत सेवाप्रवाहमा लैससासलाई प्राथमितामा राखेर प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससाससँग सम्बन्धीत सूचकहरु निर्माणगरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने। | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोणबाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री | १. आफ्नै घरबाट निरक्षहरु महिलाहरुलाई साक्षार बनाउने कार्यक्रम संचालन गर्ने।<br>२. शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार बनाउने शैक्षिक नीति अवलम्वन गर्ने।<br>३. यौनिक अल्पसंख्यकहरुका | १. संभावना रहेका सबै निराक्षरहरु साक्षार भएका हुनेछन<br>२. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ।<br>३. वैदेशिक रोजगारीमा | १. वार्षिक प्रगतीप्र तिवेदन<br>२. तालीम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परिपाटीलाई संस्थागत गर्ने। | | बनाउदै लैजाने। | लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव बन्ने शौचालयमा सबैलाई पुग्ने गरी निर्माण गर्ने<br>४. स्वरोजगार बन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने। आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>५. अब बन्ने सबै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>६. जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नुपर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने। | जाने तथा स्वरोजगार बन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ। | मुल्याङ्न फारमहरु |

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन। यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ। लैससास मुलप्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

- लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट बजेट विनियोजन गर्ने।
- भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरी योग्यता अनुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरी नीतिगत व्यवस्था गर्ने।
- लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरी महिला सहभागिता अभिवृद्धि गर्ने।
- स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तह सँग सहकार्य गर्न निर्देशन दिने ।
- स्थानीय तहको सिफारिसमा सहुलियतदरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु सँग समन्वय गर्ने ।
- संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न ।
- सरकारी तथा अन्तराष्ट्रिय गैहसरकारी संस्था तथा दातृनिकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नुपर्दछ। यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यकपर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिनाभित्रमा तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परिक्षण दिगदर्शन,२०७८ ले व्यवस्था गरेको) भने सबै शाखा तथा वडा कार्यालयहरुले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्यसम्पादनको दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम उपप्रमुख/

उपाध्यक्षको हुनेछ भने आवश्यकता अनुसार विषयविज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरी रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ। यो स्थानीय तहमा कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी बहन गर्नु पर्नेछ।

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ। लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ।

ख. स्थानीय तह भित्र कार्यरत सबै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने।

ग. स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघ संस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास महाशाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने। जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गर्ने।

घ. वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरी प्रमुखप्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने।

१४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

१४.१ संभाव्य जोखीमहरुः

- लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ।
- सार्वजानिक तथा निजी क्षेत्रका संरचनाहरूमा महिलाको समानुपातिक सहभागितान हुँदा लैंगिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमनसही ढंगबाट नहुन सक्छ।
- लैससास बहु पक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुन सक्छ।
- लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमता युक्त र दक्षजनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ।
- विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुन्छ।

१४.२ जोखीम न्यूनीकरणका उपायहरुः

क. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने।

ख. बहुपक्षीय सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्य बढाउने ।

ग. स्थानीय तहका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समिक्षा गर्ने, विषय विज्ञहरु सँग नियमित परामर्श गर्ने र आवस्यक नीति, नियम तथा निर्देशिकाहरु निर्माण गरी कार्यान्वयन गर्ने।

१५ निश्कर्ष:

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । गाउँपालिकामा बनेका नीति नियम कार्यविधिहरु पूर्ण रुपमा कार्यान्वयन गर्न वार्षिक रुपमा बनेका नीति नियम कार्यविधिहरु के कति कार्यान्वयन भए वा बाँकी छन भन्ने कुरा पहिचान गर्ने गरी अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । यसरी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्ष्यमा पुग्न सकिन्छ । बागमती गाउँपालिकामा पदाधिकारी तथा कर्मचारीहरुमा लक्षित वर्ग संगै युवाहरुको व्यापक सहभागिता रहेको हुनाले कार्यान्वनय गर्न सहज देखिन्छ ।